# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### मुढेशनिश्चरे, सङ्खुवासभा ।

## ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख उत्खनन/संकलन तथा विक्री कार्यको
## शिलबन्दी बोलपत्र आह्वानको सूचना
**(सूचना प्रकाशित मिति :- २०७६/०४/०६)**

यस कार्यालयवाट आ.व. ०७६/०७७ का लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को १ को (च) र दफा ११ को घ को (६) वमोजिम ढुङ्गा, गिट स्लेट, वालुवा, चुनढङ्गा, खरीढङ्गा, अभ्रख जस्ता प्राकृतिक श्रोतमा प्रदेश सरकारले निर्धारण गरेको करको दर अनुसार धर्मदेवी नगरपालिकाको आर्थिक ऐन २०७५ क अनुसूचि ३ को दफा ३ मा ब्यवस्था भए वमोजिम धर्मदेवी नगर पालिकाको पाचौं नगरसभाको मिति २०७६/०३/२५ गतेको निर्णयानुसार देहायमा उल्लेखि नगरक्षेत्राधिकार भित्रका अरुणनदी, पिलुवाखोला, मायाखोलाहरुवाट ढुङ्गा, गिटी, वालुवा, रोडा, स्लेटचुनढङ्गा, खरीढङ्गा, अभ्रख आदि निजी खानीहरुबाट समे उत्खनन/संकलन र विक्री कार्यको आ.व. ०७६/०७७ को (मिति २०७६।६।१ देखि २०७७ जेष्ठ मसान्त सम्म) का लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले यो सूच प्रकासित गरिएको छ । सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समयभित्र वोलपत्र फारम खरीद गरी ३१ औं दिनको मध्यान्न १२:०० व सम्म देहायको सर्त वन्देजमा रही रितपूर्वकको सिलवन्दी वोलपत्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकासित गरिएकोछ । शुल्क अशुल सम्वन्धी दररेटको विवरण तथा कर संकलन सम्वन्धी थप शर्तहरु वोलपत्र फारम साथ उपलब्ध गराइने छ । साथै दररेट सम्वन्धी विवरण र ठेक्का सम्वन्धी थ जानकारी यस कार्यालयको राजश्व तथा आर्थिक प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राखेर वा यस नगरपालिकाको वेभ पेज www.dharmadevimun.gov.n वाट समेत लिन सकिनेछ ।

| ठेक्का संकेत नं. | कामको विवरण | बोलपत्र फारम दस्तुर रु. | उत्खनन/संकलन तथा निकासी गर्न सकिने परिमाण | न्यूनतम अंक(मू.अ.क. बाहेक) |
|---|---|---|---|---|
| ०१/०७६/७७ | धर्मदेवी नगरपालिका भित्रका स्वीकृत IEE प्रतिवेदन वमोजिमका मायाखोला, पिलुवाखोला, केवाखोला वाया तर्फ, अरुणनदी र अक्करभिरसम्मको ढुङ्गा, गिटी, स्लेट, वालुवा, रोडा, ग्राभेल, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख आदि निजी खानीवाट समेत उत्खनन/संकलन तथा निकासी कार्य । | ३,०००।- | ११,५६,२२५।८५ क्यू. फिट | १५,००,०००।- |

**शर्तहरु :**

१. वोलपत्र दर्ता गर्दा शिलवन्दी खामको वाहिरपट्टी नाम प्रष्ट वुझिने गरी लेख्नु पर्नेछ ।

२. शिलवन्दी वोलपत्र फारामसाथ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, आफ्नो ठेगाना भएको स्थानीय तहमा ब्यवसाय दर्ता गरेको प्रमाणपत्र, सम्वन्धित निकायम फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर सहितको PAN को प्रतिलिपी र आ.व. ०७६/०७७ को आयकर चुक्ता प्रमाणपत्र समेत संलग्न राखी पेश गनु पर्नेछ ।

३. धरौटी वापत आफुले कवोल गरको अंकको ५ प्रतिशत रकम यस कार्यालयको नाममा श्री नेपाल एस.वि.आई. वैक लिमिटेड मुढेशनिश्चरे शाखाको धरौटी खाता नं ४१३८५२४१२०७००२ मा नगद जम्मा गरी सोको वोग्नो प्रति सक्कल भौचर पेश गर्नु पर्ने वा सोही रकम वरावरको नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त क वर्गको वैंकद्वारा यस नगरपालिकाको नाममा जारी गरिएको वोलपत्र फारम वुझाउने अन्तिम दिनवाट कम्तीमा १२० दिनसम्म म्याद भएको वैक ग्यारेन्टी(Bid Bond) सक्कलै पेश गर्नु पर्नेछ ।

४. वोलपत्र पेश गर्दा कवोल रकम अंक र अक्षरमा प्रष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ

५. दर्ता भएको वोलपत्रहरु फिर्ता सम्वन्धी ब्यवस्था सार्वजनिक खरिद ऐन २०६३, र नियमावली २०६४ (छैठौं शंशोधन) अनुसार नै हुनेछ ।

६. यो सूचना वमोजिम पर्न आएका कुनै वा सवै वोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहने छ ।

७. कुनै शर्त सहितको वोलपत्र स्वीकार्य हुने छैन ।

८. वोलपत्र स्वीकृत भई सोको जाकारी प्राप्त भएको ७ दिनभित्र सम्झौता गरिसक्नु पर्नेछ र उक्त अवधि भित्र सम्झौत गर्न नआएमा उक्त वोलपत्रदाताको धरौटी जफत गरी दोस्रो वढी कवोल गर्नेलाई दिने प्रकृया नियमानुसार कारवाही अगाडि वढाइनेछ ।

९. ठेक्का स्वीकृत भएपछि सम्वन्धित ठेकेदारले वुझाउनु पर्ने ठेक्का रकम कार्यालयमा दाखिता गर्दा १३ प्रतिशतले हुने मू.अ.क. समेत वुझाउनु पर्नेछ ।

१०. यस ठेक्काको सन्दर्भमा कुनै पनि स्थानीय तह वा नेपाल सरकारलाई कुनै पनि किसिमको कर, दस्तुर, शुल्क वुझाउनु पर्ने भएमा सो वुझाउने दायित्व ठेकेदारकै हुनेछ ।

११. ठेक्का स्वीकृत भएपछि एकमुष्ट रकम वुझाउन चाहनेले मू.अ.क. को रकम सहित एकमुष्ट वुझाउदा कवोल अंकमा मू.अ.क. को रकम घटाई वांकी रकममा प्रतिशत छुट दिइनेछ ।

१२. ठेक्का सम्झौता भइसकेपछि वीचमा कुनै कारण देखाई छोड्न पाइने छैन ।

नि.प्रमुख प्रशासकीय अधिकृत

१३. किस्ता वन्दीमा रकम बुझाउन चाहनेले स्वीकृत ठेक्का रकम वरावरको क वर्गको वैंकवाट जारी भएको घटीमा १५ महिना अवधि भएको परफरमेन्स वण्ड बुझाई ठेक्का रकम ३ किस्तामा बुझाउन सकिनेछ ।

१४. तोकिएको समयमा किस्ता रकम नवुझाएमा प्रचलित कानुन अनुसार जरिवाना गरिने र जेठ मसान्तभित्रमा नवुझाएमा परफरमेन्स वण्डवाट असूल उपर गरिनेछ ।

१५. ठेक्का सकार गर्ने ठेकेदारले नगरपालिकाले तोकेको शुल्क उठाउदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फवाट छपाई गरी यस कार्यालयले तोकेको कर्मचारीवाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखेर मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरिएको रसिदवाट उठाइएको पाइएमा नियमानुसार कानूनी कारवाही गरिनेछ ।साथै रसिदको नमुना कार्यालयवाट उपलब्ध गराइने छ ।

१६. ठेक्का स्वीकृत हुने ठेकेदारले ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख आदि निजी खानीवाट समेत उत्खनन/संकलन गर्न पाउने नाका, परिमाण र समय IEE प्रतिवेदन अनुसार देहाय वमोजिम हुनेछ ।

अरुण नदीको पूर्वी पश्चिम भाग, पिलुवा र मायाखोला वाया भागको खोलाहरुवाट ढुङ्गा, गिटी, वालुवा, रोडा, ग्राभेल, स्लेट, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख आदि देहाय वमोजिम तोकिएको स्थान र परिमाणमा उत्खनन/संकलन गर्न पाईनेछ ।

क) अक्करको भिर : वालुवा (१०५९३ क्यू.फिट)
ख) पिलुवा, अरुण दोभान : वालुवा, ढुङ्गा र ग्राभेल (१०८०० क्यू.फिट)
ग) ढाडे पसल मूर्तिको वगर क्षेत्र : वालुवा, ढुङ्गा र ग्राभेल (६००० क्यू.फिट)
घ) मायाखोला निर्माणधिन पक्की पुल आसपास : वालुवा, ढुङ्गा र ग्राभेल (१०८० क्यू.फिट)
ङ) सल्लेख तामाफोक धर्मदेवी मादी धुसेनी वाया तर्फ : वालुवा, ढुङ्गा र ग्राभेल (८१० क्यू.फिट)
च) मादी उम्लिङ जानेवाटो : वालुवा, ढुङ्गा र ग्राभेल (१८० क्यू.फिट)
छ) पिलुवा राम्वेनी दोभान तलको क्षेत्र : वालुवा, ढुङ्गा र ग्राभेल (१८७५ क्यू.फिट)
ज) पिलुवा पुलदेखि तल्लो : वालुवा, ढुङ्गा र ग्राभेल (७५०० क्यू.फिट)
झ) अरुण केवावेशी : ढुङ्गा, रोडा, गिटी र ग्राभेल (४२०० क्यू.फिट)
ट) धर्मदेवी नगरपालिका क्षेत्राधिकार भित्रका नदी नालावाट ढुङ्गा, गिटी, वालुवा तथा निजी खानीवाट समेत उत्खनन् गर्ने क्रममा नगरपालिका भित्रका पक्की पुल र झोलुङ्गे पुलको तल ५०० मिटर माथि ५०० मिटर क्षेत्रवाट निर्माण सामाग्री उत्खनन् तथा निकासी गर्न पूर्ण रुपमा प्रतिवन्ध लगाएको हुँदा IEE प्रतिवेदनले नक्साङ्कन गरेको क्षेत्रमा मात्र तोकिएको परिमाण उत्खनन् गर्न पाइनेछ ।

१७. उत्खनन/संकलन (प्रति क्यू. फिट)
क) ढङ्गा, गिटी, रोडा र ग्रावेल रु.३।-(तीन रुपैया मात्र)
ख) वालुवा रु.२।५० (दुई रुपैया पचास पैसा)
ग) माटो (भरौट र वलौटो) रु. १।२५(एक रुपैया पच्चिस पैसा मात्र)
घ) चुन ढङ्गा रु. ३।-(तिन रुपया मात्र)
ङ) निजी खानीवाट उत्खनन् गरिएका ढङ्गा, रोडा र ग्रावेल रु. ३।- (तीन रुपैया मात्र)

१८. IEE प्रतिवेदन यस ठेक्काको अभिन्न अंगको रुपमा मानिनेछ ।

१९. सम्वन्धित कर संकलनका लागि नगरपालिकाले तोकिएको स्थानहरु वा नाका वाहेक अन्य स्थानहरुवाट ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढङ्गा, खरीढङ्गा, अभ्रख र निजी खानीवाट उत्खनन/संकलन तथा निकासी वा त्यसको शुल्क उठाउन पाइने छैन ।

२०. तोकिएको नाका र परिमाणभन्दा वढी उत्खनन/संकलन गरी विक्री गरेमा सोवाट हुने हानी नोक्सानी सवै ठेकेदारवाट भराइने छ ।

२१. राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग वा अन्य सडकमा ढाट वा तगारो राखी कर संकलन गर्न पाइने छैन । राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

२२. वोलपत्र धरौटी वापत नगदै जम्मा गरिएको भएमा उक्त रकम एकमुष्ठ वुझाउने रकममा समायोजन गर्न पाइने छैन । यस्तो रकम वा वोलपत्र जमानत ठेक्का अवधि भएपछि आन्तरिक राजस्व कार्यालयवाट कर समायोजन पत्र लिई पेश गरेपछि मात्र फिर्ता वा फुकुवा दिइने छ ।

२३. यस नगरपालिका वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जुनसुकै वखत पनि ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिनेछ । यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदार स्वयंले व्यहोर्ने पर्नेछ।

२४. तोकिएको शुल्क संकलन कार्य गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्षवीच आपसी छलफलद्धारा समाधान गरिने छ । त्यस्तो छलफलवाट सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ । उक्त निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

२५. वोलपत्र फाराममा उल्लेख भए वाहेकका कुराहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

२६. वन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुवाट सृजना हुने अवरोधका कारण ठेक्का रकम छुट वा मिन्हा दिइने छैन ।

२७. कुनै एक फर्मको नाममा खरिद गरेको वोलपत्र फाराम अर्को फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

२८. ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख जस्ता पदार्थहरु नदीवाट उत्खनन गर्दा प्रचलित कानुन तथा कार्यपालिका वैठकको निर्णय तथा निर्देशन पालना गर्नुका साथै नदीको प्राकृतिक वहावलाई प्रतिकुल असर नहुने गरी नदीको Channeling गरेर मात्र उत्खनन गर्नुपर्ने छ ।

२९. ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख आदि निकाल्दा अर्काको घरजग्गा, कुलो , वांध , वाटो आदि क्षति हुनेगरी निकाल्न पाइने छैन

३०. यस ठेक्काको लागि सम्झौता अवधि २०७७ जेष्ठ मसान्त सम्म मात्र कायम गरिएको छ ।

३१. वोलपत्र फाराम साथ पेश गर्ने कागजातहरु नोटरी पब्लिकवाट प्रमाणित भएको हुनु पर्नेछ ।

३२. वोलपत्र फाराममा कवोल गरेको अंक वापतको रकम यस नगरपालिकालाई वुझाउदा चेक मार्फत कारोवार गर्न पाइने छैन । कार्यालयले उपलब्ध गराएको वैंक खातामा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ ।

३३. गत विगत वर्षमा यस नगरपालिकालाई ठेक्का रकम तिर्न वांकी वक्यौता रहेको फर्म वा कम्पनीले यो सूचना वमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन ।

३४. पेश भएका शिलवन्दी वोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० वजे यसै कार्यालयमा वोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । सो समयमा वोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थिती नभएपनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

३५. वोलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा ती कामहरु क्रमशः त्यसपछि कार्यालय खुलेको पहिलो दिन हुनेछन् ।

नि.प्रमुख प्रशासकीय अधिकृत